# लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान अन्तरगत कर्णाली प्रदेशको सुर्खेतमा मंसिर १८ र १९ गते आयोजित लैगिंक हिंसा अन्त्यका लागि सरोकारवाला निकायको जिम्मेवारी र भूमिका विषयक २ दिने अन्तरक्रिया कार्यक्रमको पहिलो दिन मंसिर १८ गतेको रिपोर्ट

सुर्खेतको विरेन्द्रनगरमा मंसिर १८ गते लैगिंक हिंसा अन्त्यका लागि सरोकारवाला निकायको जिम्मेवारी र भूमिका विषयक २ दिने अन्तरक्रिया कार्यक्रमको पहिलो दिनको कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो । माननीय परराष्ट्र मन्त्री प्रदिप ज्ञवालीज्यूको प्रमुख आतित्थ्यता रहेको उक्त कार्यक्रमको अध्यक्षता महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री थममाया थापाले गर्नुभएको थियो । कर्णाली प्रदेशका माननीय मुख्य मन्त्री महेन्द्र बहादुर शाही विशेष अतिथि तथा अन्य अतिथिहरुमा प्रतिनिधि सभाका महिला तथा सामाजिक समितिका सभापति माननीय निरुदेवी पाल, प्रदेश सभाका माननीय सभामुख राज बहादुर शाही, प्रदेश सभाका उपसभामुख, सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री दल रावल, उद्योग, पर्यटन तथा वन मन्त्रालयका माननीय मन्त्री नन्दसिं बुढा, DFID को नेपालस्थित बेलायत सरकार नियोग प्रमुख रुरिक मार्सडेन, UNICEF का प्रतिनिधिको उपस्थिति रहेको थियो । यसैगरी प्रदेश सभाका माननीय सदस्यहरु, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, निमित्त प्रमुख जिल्ला अधिकारी, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नागरिक समाज, गैरसरकारी संघ संस्था तथा पत्रकारहरुको उल्लेखनीय सहभागिता कार्यक्रममा रहेको थियो ।

उद्घाटन सत्रको कार्यक्रममा मन्त्रालयको तर्फबाट सहसचिव राजेन्द्र कुमार पौडेलले स्वागत मन्तब्य प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी DFID को नेपालस्थित बेलायत सरकार नियोग प्रमुख रुरिक मार्सडेनले महिला हिंसा विरुद्धको कार्यक्रममा नेपाल सरकारसंग सहकार्य गर्न पाउदा खुसी भएको व्यक्त गर्दै नेपालमा ३ तहका सरकार गठन भएसंगै लैगिंक हिंसा निवारणका लागि थुप्रै अवसरको सृजना भएको र तीनै तहका सरकारको समन्वय तथा सहकार्यबाट यस्ता सवालहरुको सम्बोधन हुने कुरा बताउनु भयो । कर्णाली प्रदेशका सामाजिक विकास मन्त्रीले लैगिंक हिंसा नियन्त्रणका लागि विभिन्न कार्यक्रमहरु प्रदेशस्तरमा संचालन भएको बताउनु भएको थियो । कर्णाली प्रदेशका मुख्य मन्त्रीले प्रत्येक व्यक्तिले आफ्नो बोली र व्यवहारमा सकारात्मक परिवर्तन गर्न सके समाज परिवर्तन गर्न सकिने बताउनुभएको थियो । कार्यक्रमको प्रमुख अतिथि तथा माननीय परराष्ट्र मन्त्री प्रदिप कुमार ज्ञवालीले हरेक जिम्मेवार व्यक्तिले आफ्नो कार्यसम्पादनका सिलसिलामा लैगिंक रुपमा सम्बेदनसिल भइ कार्य गरे सबै प्रकारका हिंसा र दुर्व्यवहारको अन्त्य हुने बताउदै महिला हिंसा अन्त्यका लागि नेपाल सरकार प्रतिबद्ध रहेको जनाउनु भयो । कार्यक्रमका अध्यक्ष तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री थममाया थापाले उपस्थित सहभागिहरुलाई धन्यवाद ज्ञापन सहित उद्घाटन सत्रको समापन गर्नुभयो ।

कार्यक्रमको दोस्रो (प्राविधिक) सत्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव राधिका अर्यालले लैगिंक हिंसाको वर्तमान अवस्था र लैगिंक हिंसा निवारणमा पुरुष सहभागिता रणनीति विषयमा कार्यपत्र प्रस्तुतीकरण गर्नुभयो । कार्यपत्रमा लैगिंक हिंसा अन्त्यका लागि भएका संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाहरु, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले लैंगिक हिंसा अन्त्यको लागि गरेका कार्यक्रमहरु

तथा लैगिंक हिंसाको वर्तमान प्रवृत्ति र नेपाल प्रहरीमा घटना दर्ताको अवस्थाका बारेमा प्रस्तुतीकरण गर्नुएको थियो । त्यसैगरी दोश्रो प्रस्तुतीकरण महिला विज्ञ समूहबाट श्रोतव्यक्तिका रुपमा आउनुभएका शर्मिला कार्कीले लैंगिक हिंसाको कारण तथा रोकथामको उपायहरु विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेशका प्रदेश सभाका माननीय सदस्यहरु, १० वटै जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, ७९ वटा स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरुको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रमको उद्घाटन सत्रमा ३०० भन्दा बढीको सहभागिता रहेको थियो । कार्यक्रमको दोस्रो दिनमा हुने समूह कार्यका लागि ५ वटा समूह गठन गरिएको थियो । दोस्रो दिनको कार्यक्रम मंसिर १९ गते बिहान ७:३० बजे शुरु हुने गरी पहिलो दिनको कार्यक्रम समापन गरियो ।